नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६६ २०७७ साल माघ १७ गते शनिबार (30 Jan. 2021 Saturday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : दास मनस्थितिबाट ... ३ पृष्ठमा : गजेन्द्रनारायण सिंह स्मृति ... ३ पृष्ठमा :कोरोनाको खोप सबैका लागि...

# जसपाद्वारा आन्दोलनको घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

जनता समाजवादी पार्टी नेपाले संसद पुनर्स्थापनाको माग गर्दै माघ २९ गतेसम्म पुत्ला दहनरमसाल जुलुस लगायतका विरोध कार्यक्रम गर्ने भएको छ ।

शुक्रबार बसेको पदाधिकारी बैठकले प्रतिगमन विरोधी संघर्षलाई जारी राख्ने निर्णय गरेको जसपा अध्यक्ष उपेन्द्र यादवले जानकारी दिए ।

माघ २३ गते जिल्ला, २५ गते संघ र प्रदेश निर्वाचन क्षेत्र, माघ २७ गते पालिकाहरू र २९ गते वडा तहमा संसद विघटनको विरोधमा कार्यक्रम गर्न लागेको हो ।

प्रधानमन्त्रीको सिफासिमा गत पुस ५ गते संसद् विघटनको घोषणा गरेर मध्यावधि निर्वाचनका मिति तोकिएपछि नेकपाको दाहाल नेपाल समुह, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस र नागरिक समाज सडक आन्दोलनमा छन् ।

त्यसमा अब जसपा पनि थपिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको प्रतिनिधिसभा विघटनविरुद्ध जनता समाजवादी पार्टी नेपाल जसपाले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

# शहिद दिवसमा प्रभुको शालिकमा माल्यार्पण



**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सहिद दिवसको अवसरमा शुक्रबार जिल्ला समन्वय समिति सप्तरीको प्राङ्गणमा रहेको सहिद प्रभु नारायण यादबको शालिकमा माल्यार्पण गरिएको छ ।

सो अवसरमा जिसस प्रमुख प्रभाकर यादब, नेपाली काँग्रेस सभापति दिनेश यादब, तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश कुमार सिंह, निजामति कर्मचारी ट्रेड युनियनका अध्यक्ष अजय झा, शहिद प्रभु नारायण स्मृति ट्रस्टका अध्यक्ष अबधेश झा, जिसस शाखा अधिकृत गंगा प्रसाद साह लगायतको उपस्थिति रहेको थियो ।

# पछिल्लो २४ घण्टामा कोरोनाका कारण कसैको ज्यान गएन

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

कोरोना भाइरसको संक्रमणका कारण नेपालमा पछिल्लो २४ घण्टामा कसैले ज्यान गुमाउनु परेको छैन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधवार तीन जनाको ज्यान गएकोमा पछिल्लो २४ घण्टामा कसैको पनि ज्यान नगएको जनाएको छ ।

नेपालमा कोरोना भाइरसको संक्रमणका कारण अहिलेसम्म दुई हजार २० जनाको ज्यान गएको छ । यस्तै पछिल्लो २४ घण्टामा दुई सय १३ जनामा सङ्क्रमण पुष्टि भएसँगै नेपालमा कोरोना संक्रमण पुष्टि हुनेको संख्या २ लाख ७० हजार पाँच सय ८८ पुगेको छ ।

यस्तै थप दुई सय ९६ जना निको भएसँगै कोरोनामुक्त हुनेको संख्या दुई लाख ६५ हजार तीन सय ६५ पुगेको छ । अब नेपालमा ३२ सय तीन जना सक्रिय संक्रमित रहेका छन् ।




# दुई बालबिकास केन्द्र भवनको शिलान्यास




**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सप्तरीको रुपनी गाउँपालिका अर्न्तगत रहेको दुई वटा बिद्यालयमा बालबिकास केन्द्र भवन निर्माणका लागि शुक्रबार शिलान्यास गरिएको छ ।

सबल नेपालका कार्यकारी निर्देशक दिपक झाका अनुसार बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष महेन्द्र खंगको अध्यक्षतामा रुपनी गाउँपालिका वडा नं. ५ स्थित मुकतेश्वरनाथ राष्ट्रिय प्राथमिक बिद्यालयमा शौचालयसहित एक कोठे बालबिकास केन्द्र भवनको शिलान्यास गरिएको हो ।

त्यस्तै वडा अध्यक्ष दानालाल साहको अध्यक्षतामा रुपनी गाउँपालिका वडा नं. २ मा रहेको आर्दश सरस्वती राष्ट्रिय प्राथमिक बिद्यालयमा समेत बालबिकास केन्द्र भवन निर्माण गर्नका लागि शिलान्यास गरिएको छ ।

अनुमानित ५० लाखको लागतमा निर्माण भइरहेको सो बालबिकास केन्द्र भवन अगामी तीन महिना भित्र बनाई सकिने योजनासहित काम थालिएको सबल नेपालले जनाएको छ ।

दुबै ठाउँमा २५/२५ लाख रुपैयाको लागतमा निर्माण भइरहेको बालबिकास भवनसहित दुई/दुई वटा शौचालय र बाथरुम संगै संगै निर्माण समेत गरिने जनाइएको छ ।

डब्लु एच,एच/फ्लाई एन्ड हेल्प/आइडाको आर्थिक तथा सबल नेपालको प्रबिधिक सहयोगमा निर्माण भइरहेको बालबिकास केन्द्र भवनको प्रमुख अतिथि रुपनी गाउँपालिकाका गाउँपालिका अध्यक्ष हरेराम यादवले भवनको शिलान्यास गरे ।

उक्त कार्यक्रममा डब्लु एच,एचका इन्जीनियर कमल

*बाँकी अन्तिम पृष्ठमा*

# ४६ हजार १ सय ९७ जनाले लगाए कोरोना विरुद्धको खोप

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ माघ ।**

कोभिड १९ विरुद्धको खोप अभियानको तेस्रो दिनसम्ममा ४६ हजार बढीले खोप लगाएका छन् । ७७ जिल्लाका १ सय ६९ खोप केन्द्रहरुबाट ४६ हजार १ सय ९७ जनाले खोप लगाएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा ७ हजार ३ सय ६९, प्रदेश २ मा ४ हजार ६ सय ५०, बागमतीमा १५ हजार ६ सय ४१, गण्डकीमा ७ हजार १ सय ५३, लुम्बिनीमा ४ हजार ६ सय ३५, कर्णालीमा २ हजार ९ सय ६६ र सुदूरपश्चिम प्रदेशमा ३ हजार ७ सय ८३ जनाले खोप लगाएका छन् ।

खोप पश्चात अवाञ्छित घटनाको अनुगमन तथा व्यवस्थापनका लागि देशभरीबाटै विज्ञ चिकित्सकहरु परिचालन गरिएको मन्त्रालयले जनाएको छ । हरेक अस्पतालहरुमा संभाव्य घटनाहरुको व्यवस्थापनका लागि आवश्यक टिम तथा औषधिहरुको समुचित व्यवस्थापन गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार खोप लगाएका केही व्यक्तिहरुमा सामान्य असरहरु देखिएपनि ती असरहरु केही समयपछि आफै निको भएको छ। यद्यपि हालसम्म कसैलाई पनि जटिल स्वास्थ्य समस्या नदेखिएको छैन । ढुक्क भएर खोप लगाउन मन्त्रालयले सबैमा आग्रह गरेको छ ।

वृद्धाश्रम र कारागारमा रहेका लक्षित व्यक्तिहरुलाई खोप लगाउनका लागि खोपको उचित तापक्रम सुनिश्चित गरी सम्बन्धित संस्थामै गएर लगाउने व्यवस्था मिलाउन पनि मन्त्रालयले खोप समन्वय तथा अनुगमन समिति र स्वास्थ्य कार्यालयहरुलाई मन्त्रालयले आग्रह गरेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दास मनस्थितिबाट माथि उठौं



**कौशल गोपालवंशी**

अहिलेको समयमा मधेश र गुलामी एक अर्काको पर्यावाची शब्द हो । गुलामीको जन्जिरमा बाँधिएको मधेशलाई स्वतन्त्रताको अनुभूति गराउन गरिएको सबै प्रयासहरु खेर गएको देखिन्छ । स्वतन्त्रता सेनानीहरुको प्रयास किन बिफल भए त ? आखिर कारण के होला ?

एउटा उदाहरणसँग तुलना गर्दै यसको कारण पत्ता लगाउन सजिलो हुन्छ । एक सय जनाको परिवारलाई कुनै शासकले कैदी बनाएर जेलमा हालियो । समय बित्दै गयो, त्यहा कैदीहरुको पनि सन्तान जन्मियो । सन्तानलाई विगतको घटित घटनाको भनक पनि नलाग्न दिन शासकले उनीहरुको पूर्वजलाई हत्या गरिदियो । जस्तो कि शासकले प्रायः शासन गर्दै गरेको ठाउँको ईतिहास मिटाइदिन्छ । अब नयाँ सन्ततिलाई शुरुदेखि नै गुलामीको जन्जिरले बाँध्यो । उनीहरुको बरिपरि सबै जनाको हाथमा जन्जिर थियो । जसले गर्दा नयाँ सन्ततिहरुलाई जीवनमा स्वतन्त्रताको आभाष नै भएन । तर समय बित्दै जाँदा जन्जिरमा खिया लाग्न थाल्यो । शासकले खिया लगेको देखेर जन्जिर टुटन सक्ला भनेर सबैलाई सरसफाइ भई सफा बस्न भन्यो । यी कदमले ती कैदीहरुले आफ्नो हाथमा लागेको जन्जिर समेत सफा गरि जन्जिर टल्काउन थाले । जसको जन्जिर जति टल्किन्थ्यो त्यसलाई शासकले त्यति नै राम्रो व्यक्ति हो भन्ने गर्दथ्यो । जस्तो कि जसले जति शासकको चाकरी गर्छन् त्यति नै उसले स्यावश पाउँछन् । चाकरी नगर्नेलाई अटेरी गरेको, संस्कार नभेको व्यक्ति भन्छन् । जसको जन्जिरमा खिया लगेको त्यसलाई फोहरी, फटाहा, संकोचित मान्छेको संज्ञा दिने गर्दथ्यो ।

अब उनीहरुको विकास भनेको नै जन्जिरलाई टल्काउने भयो । उनीहरु पनि यसमै खुसी थिए । किनकि वरिपरिको सबै यस्तै थियो । पिढीमाथि पिढी आउँदै गर्यो । कसैले जिवनमा स्वतन्त्रताको अर्थ बुझेन, बुझे त केवल जन्जिर (चाकरी, गुलामीपन) लाई कसरी टल्काउने । जतातते चाकरीबाजको वातावरणमा हुर्केकालाई चाकरी नै धर्म हो, संस्कार हो लाग्न थाल्यो ।

अब यी पुस्तालाई कसरी स्वतन्त्रताको महत्व बुझाउने ? यो तरिकाले त यिनीहरु सधै गुलाम हुने हो । तिमी गुलाम छौं भन्ने कुरा बुझाउनलाई उसले आफ्नो जीवनलाई अर्कासँग तुलना गर्नु एकदम आवश्यक छ । म कति अगाडि पछाडि छु भन्ने बुझ्नलाई म आफूलाई अरु भिन्न ठाउँमा बसेकोसँग तुलना नगरी त थाहा हुन्न नि । तर दैवको खेल यहा सबै गुलाम छन्, चाकरीबाज छन्, कोसँग तुलना गर्ने नि ? गुलामी हटाउनलाई अर्का ठाउँको मान्छेसित तुलना गराउनै छनस् । जस्तो कि मधेशमा भएको गुलामी हटाउन तराई बहेकका जनतासँगको तुलना जरुरी छ ।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन । जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन । हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए । त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन् । हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थितिबाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन् । महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन् । समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधै फोनमा कुरा गर्न भ्याउँदैनन् । गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन । अनि जीवनको तुलना त परको कुरा हो ।

फेरि कोही भन्ला कि भारतको सीमा नजिकै छ, त्यहाँबाट तुलना गरी दास मनस्थिति परिवर्तन हुन्छ । हो तर एउटा कुरा के छ भने मधेशसँग जोडिएको भारतीय क्षेत्र मधेशभन्दा पनि पिछडिएको छ, अनि त्यहाँबाट के तुलना गर्न सकिन्छ । कोही-कोही जो पढाइको सिलसिलामा बहिर गयो त्यो यो दास मनस्थितिबाट माथी उठ्न खोज्दा उनीमाथी सबै किसिमको प्रहार गरेको देखियो । जसले गर्दा अरुले आँट्न नै सकेन । कसै कसैकोमा व्यक्तिगत परिवर्तन भयो । कसैले समाज परिवर्तन गर्न खोजेका पनि हुन् तर पूर्ण सफल भएनन् । कोही-कोही त परिवर्तन गर्छु भनेर आएकाहरु झन् कारागारको सिपाही बनेर आफ्नैमाथी शासन गर्न थालेका पनि छन् ।

दुःखद कुरा के छ भने यहाँ यस्ता कारागारको सिपाही बनेर आफ्नै माथि शासन गर्नेहरुको जमात ठूलो छ । यिनीहरु कुनै कांग्रेस, कुनै राप्रपा, कुनै समाजबदी, कुनै एमाले, कुनै जनमत त कुनै कोही त कोही जस्ता ब्राण्ड भएका कम्पनीको कारागारको सिपाही भएर मधेशी जनतालाई लगातार गुलामीको जन्जिरमा बस्न बाध्य तुल्याएका छन् । त्यहीं भएर अब मधेशी जनताले जन्जिर (चाकरी) लाई टलकाउने होइन तोडनु पर्छ ।

के किसान कृषिको जन्जिरमा बाँधिएका छन् त ?

जन्जिरले मान्छेलाई मार्दैन, जन्जिरले मान्छेलाई जिउँदो लास बनाउँछ । न त जिउन दिन्छ न त मर्न दिन्छ । केवल तडपाएर बाँच्न दिन्छ । हुन त किसान सबै अन्नदाता हुन् । तर नेपालमा यो लागू हुन्न । मैले आफ्नो खेतको हिसाब गर्दा औसत प्रति बिघा ८० मन धान (३२ क्विन्टल) उत्पादन हुन्छ भने खर्च चाहिँ ३० क्विन्टल जतिको लाग्छ । यहाँबाट यो साफ छ कि अहिलेको कृषिले किसानलाई न त जिउन दिन्छ न त मर्न दिन्छ । न त भोकै मर्छ न त हातमा नगद नै हुन्छ । न त बिना कपडाको हुन्छ न त राम्रो कपडा लगाउन सक्छ । न त सन्तानलाई मुर्ख बनाउँछन् न त राम्रो शिक्षा नै दिन सक्छ ।

यी सबै कुराले गर्दा यो भन्न सकिन्छ कि आधुनिकता बिनाको कृषि जीवन बरदान होइन अभिसाप हो । कृषिले किसानलाई जन्जिरमा बाँधेका छन्, जसले किसानको आउने सन्तति सधै व्यापारीको गुलाम बनेर बस्ने छन् । नेपालमा ८०% भन्दा बढी कृषि र वैदेशिक रोजगारीमा निर्भरता भएको देशको ५५.५८% वार्षिक बजेट गृह र रक्षा मन्त्रालयमा हुन्छ भने १०% भन्दा कम बजेट चाहिँ कृषिको लागि छुट्टाएको हुन्छ । *(मधेश दर्पण फिचर सेवा)*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# गजेन्द्रनारायण सिंह स्मृति क्रिकेट प्रतियोगितामा को. मधेपुरा र मन्सापुर विजयी

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा सञ्चालित गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिता अन्तरगतको शुक्रबार सम्पन्न दुई खेलमा को. मधेपुरा र मन्सापुर विजयी भएको छ ।



शुक्रबारको सम्पन्न पहिलो खेलमा को. मधेपुराले वडा नं. २ लौनियाँलाई २१ रनले पराजित गरेको छ भने दोस्रो खेलमा वडा नं. ७ मन्सापुरले वडा नं. ५ को. बर्साइनलाई ५ विकेटले पराजित गरेको छ ।

पहिलो खेलमा टस जितेर ब्याटिङ गर्दै गरेको को. मधेपुराले निर्धारित १५ ओभरको खेलमा ८ विकेट गुमाई १०८ रन बनाएको थियो । खराब मौसमको कारण १५ ओभर खेलाईएको खेलमा को. मधेपुराका लागि आदित्य सिंहले सर्वाधिक ३२ रन बनाए भने विष्णु यादवले २४ रनको योगदान दिए ।

यता लौनियाँका लागि शिव सुन्दर मण्डलले ३ विकेट हात पारे भने अजय मण्डलले २ तथा दिनेश मण्डल, रमानन्द मुखिया र दिलिप मण्डलले १/१ विकेट हात पारे ।

जितका लागि १०९ रन पछ्याएको लौनियाँ १५ ओभरमा ५ विकेटको क्षतिमा ८८ रन मात्र जोड्न सक्यो । जसमा दिलीप मण्डलले १४, अभिमन्यु मण्डलले अविजित १२, दुर्गानन्द मण्डलले १२, शिव सुन्दर मण्डलले अविजित १० तथा विक्रान्त मुखिया र भगवानदेव मण्डलले समान १०/१० रनको योगदान दिए ।

को. मधेपुराका लागि प्रमोद यादव, शंकर मण्डल र मिथिलेश मण्डलले समान १/१ विकेट लिंदै आफ्नो टिमलाई विजयी गराउन सफल भए । उक्त खेलमा को. मधेपुराका आदित्य सिंहलाई तिलाठी कोइलाडी गाउँपालिकाका कार्यक्रम अधिकृत तथा प्रतियोगिता संयोजक राजेश कुमार झाले म्यान अफ द म्याच ट्रफी प्रदान गरे ।

यसैगरी दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको वडा नं. ५ को. बर्साइनले निर्धारित २० ओभरमा ६विकेट गुमाई ११० रन बनाएका थिए । जसमा ओपनरद्वयलक्ष्मण दास र प्रकाश मण्डलले समान २७/२७ रन बनाए भने दिपेश मण्डलले अविजित १४ रनको योगदान दिए ।

मन्सापुरकालागि सुबोध मण्डलले २ तथा देवकी नन्दन मण्डल, राजकुमार मण्डल, अजय मरिक र धिरज मण्डलले १/१ विकेट लिए । जितको लागि १११ रनको लक्ष्य पाएको मन्सापुरले १८ ओभर ५ बलमा ५ विकेट गुमाई विजयी भयो । मन्सापुरकालागि देवकी नन्दन मण्डलले सर्वाधिक २८ रन तथा धिरज मण्डलले १७, सुबोध मण्डलले १२ र राजाराम मण्डलले अविजित १० रनको योगदान दिए ।

को. बर्साइनकालागि दिपेश सरदार र राहुल रजकले २/२ विकेट लिए भने सुभाष शर्माले १ विकेट लिए । उक्त खेलमा मन्सापुरका देवकी नन्दन मण्डललाई वडा नं. ७ का वडा अध्यक्ष गुलाब सिंहले म्यान अफ द म्याच ट्रफी प्रदान गरे ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेंट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### कोरोनाको खोप सबैका लागि उपलब्ध होस् : महासचिव गुटेरेस

संयुक्त राष्ट्रसंघ, १६ माघ (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले विश्व समुदायलाई कोरोनाको खोप सबैलाई सर्वसुलभ हुनुपर्ने भन्ने मान्यतालाई प्राथमिकतामा राख्न आग्रह गर्नुभएको छ ।

उहाँले यसअघि जस्तै बिहीबार पनि महामारीको चपेटामा परेका विश्वका सबै नागरिकले खोप प्राप्त गर्न पाउनुपर्ने धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो- सन् २०२१ को हामी सबैको प्राथमिकता यो हुनुपर्छ कि कोभिड १९ विरुद्धको खोप सबैको प्राथमिकतामा पर्नुपर्छ र यो खोपको सर्वसुलभताका लागि संयुक्त राष्ट्रसंघले पनि आवश्यक वातावरण निर्माण गर्नेछ ।

उहाँले भन्नुभयो- अबका कैयौं महिनासम्म पनि यो प्राथमिकतामा नै पर्नुपर्छ कि यो कोभिड विरुद्धको खोप सबैका लागि एक सार्वजनिक वस्तु बनाउन सक्नुपर्छ र आगामी दिनहरुमा खाँचो परेका नागरिकले सहजै र सुलभ रुपमा यो खोप प्राप्त गर्न पाउनुपर्छ ।

विश्वका केही सीमित देशका हातमामात्र कोभिडको खोप पुगेको छ तर गरिब तथा तेस्रो विश्वका देशहरुमा यो खोपको उपलब्धता अझै पनि गाह्रो देखिएको छ- उहाँले भन्नुभयो । उहाँले अहिलेकै अवस्थामा विश्वका देशहरुले यसरी नै खोप कब्जा गरेर राख्ने हो भने यसले विश्वकै अर्थतन्त्रमा ९२ खर्ब अमेरिकी डलर बराबरको मूल्यको असर पार्नेछ भन्नुभयो ।

त्यसैगरी उहाँका अनुसार यसको आधाभन्दा बढी असर त विश्वका प्रमुख विकसित देशहरुमै पर्ने देखिएको छ । त्यसैले खोपको यस्तो अवस्था नल्याउन एउटै देशले धेरै डोजहरु कब्जा नगर्ने र सबैको सार्वजनिक वस्तुका रुपमा उपलब्ध गराउने नीति बनाउनुपर्ने उहाँले सुझाउनुभयो ।

### हुवावेका स्मार्टफोनको बिक्री घट्यो

बेइजिङ, १६ माघ (रासस-एएफपी) ।

चिनियाँ टेलिकम कम्पनी हुवावेले उत्पादन गरेको स्मार्टफोन ( मोबाइल) को बिक्री सन् २०२० को अन्तिम त्रैमासिकमा निकै धेरै घटेको पछिल्लो विवरणमा उल्लेख छ ।

अनुसन्धान संस्था क्यानालिसका अनुसार, हुवावेमाथि अमेरिकाले लगाएका प्रतिबन्धहरुका कारण हुवावेका स्मार्टफोनहरुको बिक्रीमा ठूलो असर परेको हो । गत वर्ष अक्टोबरदेखि डिसेम्बरमा चीनभित्र हुवावेका स्मार्टफोनको बिक्रीमा ४४ प्रतिशतले कमी आई १ करोड ८८ लाख थान बिक्री भएको क्यानालिसले जनाएको छ । औद्योगिक विश्लेषण गर्ने इन्टरनेसनल डेटा कर्प (आइडिसी) ले पनि गत साता सार्वजनिक गरेको विवरणमा चीनबाट अन्यत्र मुलुकमा पठाइएका मोबाइल सेटको संख्यामा ४३ प्रतिशतले कमी आई ३ करोड २० लाख रहेको जनाएको थियो ।

क्यानालिसका अनुसन्धाता निकोल पेङले देशभित्रै पनि हुवावे निकै कठिन समयबाट गुज्रिरहेको बताउनुभयो । अमेरिकी प्रतिबन्धहरुका कारण हुवावेले देशको आन्तरिक मागलाई पनि पूरा गर्न समस्या भइरहेको उहाँको भनाइ छ ।

पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हुवावे राष्ट्रिय सुरक्षाका लागि खतरा रहेको भन्दै अमेरिकी बजारमा हुवावेको प्रवेशलाई निषेध गर्नुका साथै अमेरिकी गठबन्धनका अन्य मुलुकलाई समेत यही नीति अवलम्बन गर्न दबाब दिनु भएको थियो । हुवावेले मोबाइल डिभाइसका अतिरिक्त पाँचौं पुस्ताको तिब्र गतिको इन्टरनेट र दूरसंचार उपकरणहरु पनि उत्पादन गरिरहेको छ ।

हुवावेले चीनका लागि जासुसी गर्ने गरेको अमेरिकी दाबी असत्य रहेको हुवावेको भनाइ छ । अमेरिकी सरकारले हुवावेले जासुसी गरेको आरोप पुष्टी गर्न नसकेको पनि हुवावेले बताएको छ । हुवावे गत वर्ष केही समय विश्वमै सबैभन्दा बढी फोन उत्पादक कम्पनी बनेको थियो । हाल विश्वमा सामसुङ, एप्पल मात्र होइन चिनियाँ कम्पनीहरु साओमी र ओप्पोभन्दा पछि हुवावे छ ।

### भारतमा कोरोना भाइरस संक्रमितको संख्या एक करोड सात लाख २० हजारभन्दा बढी

नयाँदिल्ली, १६ माघ (रासस/सिन्ह्वा) ।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बिहीबारसम्म एक करोड सात लाख २० हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १८ हजार ८५५ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड सात लाख २० हजार ४८ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण १६३ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार १० जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड तीन लाख ९४ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ७१ हजार ६८६ सक्रिय सङ्क्रमित रहेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार १९९ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र ६ जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८३५ को मृत्यु भइसकेको छ । यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबारसम्म देशभर १९ करोड ५० लाख ८१ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बिहीबार एकै दिनमा मात्र सात लाख ४२ हजार ३०६ जनाको कोभिड-१९ परीक्षण गरेको जनाइएको छ । भारतमा कोरोनाविरुद्धको खोप अभियान पनि शुरु भएको छ ।

# दल दर्ता प्रक्रिया अघि बढाऔं: नेकपा

काठमाडौँ, १६ माघ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)ले तदारुकताका साथ निर्वाचन प्रक्रिया अघि बढाउन निर्वाचन आयोगलाई सुझाव दिएको छ। प्रतिनिधिसभा निर्वाचन तयारी र दल दर्ताका विषयमा छलफल गर्न आयोगले शुक्रबार बोलाएको परामर्श बैठकमा नेकपाका प्रतिनिधिले तोकिएका समयमा निर्वाचन सम्पन्न गर्न राजनीतिक दल दर्ता प्रक्रिया अघि बढाउन सल्लाह दिनुभयो।

बैठकमा नेता सुवास नेम्वाङ, मन्त्रीद्वय विष्णुप्रसाद पौडेल र कृष्णगोपाल श्रेष्ठ, वाग्मती प्रदेशका मन्त्री रामेश्वर फुयाँल, सांसद विमला पौडेल, अधिवक्ता बाबुराम दाहाल र रमेश बडाल सहभागी हुनुहुन्थ्यो।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेता नेम्वाङले आधिकारिकताका विषयमा आयोग एउटा टुङ्गोमा पुगिसकेकाले त्यही जगमा रही अन्य प्रक्रिया अघि बढाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "निर्वाचन हाम्रो प्राथमिकता हो, तोकिएको मितिमै सम्पन्न गर्नुपर्छ, पार्टी अध्यक्ष यसैमा चिन्तित हुनुहुन्छ, निर्वाचन वैशाख १७ र २७ गते हुनुपर्छ भन्नेमा उहाँ गम्भीरतापूर्वक लाग्नुभएको छ, निर्वाचनमा जुट्न सबै राजनीतिक दललाई आग्रह गर्नुभएको छ।

सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगले निर्वाचन तयारीका सम्बन्धमा हालसम्म गरेका प्रगतिका बारेमा जानकारी गराउनुभयो। निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्यालले बैठकको उद्देश्य र राजनीतिक दलसँगको अपेक्षाबारे स्पष्ट पार्दै तोकिएको मितिमा निर्वाचन सम्पन्न गर्न कुनै कमजोरी नहुने किसिमबाट आयोगले तयारी गरिरहेको र निर्वाचन सम्पन्न गर्न राजनीतिक दलबाट पूर्णरुपमा सहयोग हुने अपेक्षा राखिएको बताउनुभयो।

निर्वाचन सम्पन्न गर्न राजनीतिक दलबाट उपयुक्त राजनीतिक वातावरण सिर्जना हुनुपर्ने र सोको जिम्मेवारी राजनीतिक दलको नै भएको प्रष्ट पार्दै उहाँले उपयुक्त समयमा आयोगले पुनःबैठकको आयोजना गर्ने जानकारी दिनुभयो।

बैठकमा नेकपाका तर्फबाट प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि आयोगलाई सबै किसिमको सहयोग रहने र आयोगले बोलाएका बखत उपस्थित हुने प्रतिबद्धतासमेत प्रतिनिधिबाट व्यक्त भएको प्रवक्ता राजनकुमार श्रेष्ठले जानकारी दिनुभयो।

नेकपाका दुवै खेमाका अध्यक्ष वा अध्यक्षले तोकेका प्रतिनिधि तथा कानून र निर्वाचन हेर्ने प्रतिनिधिलाई आमन्त्रण गरेकामा दाहाल-नेपाल समूहले भने आफ्ना अध्यक्षद्वय काठमाडौँ उपत्यका बाहिर राजनीतिक कार्यक्रममा हुनुभएकाले सहभागी हुन नसकिने जानकारीसहितको लिखितपत्र आयोगसमक्ष बुझाएको थियो।

# बसको ठक्करबाट मोटरसाईकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ माघ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका ३ सडकखण्डमा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

बिहीबार साँझ पुर्वबाट पश्चिमतर्फ आउदै गरेको ना.४ख. १५३४ नम्बरको बसले बिपरित दिशाबाट आउदै गरेको स.१०प. ६६३४ नम्बरको मोटरसाईकललाई ठक्कर दिई दुर्घटना हुँदा स.१०प.६६३४ नम्बरको मोटरसाईकल चालकको मृत्यु भएको हो।

मोटरसाइकल चालक जिल्लाको बोदेबरसाईन नगरपालिका वडा नं. ८ काचन निवासी ३० वर्षिय भुनेश्वर चौधरीको घटनास्थमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यता सवारी र चालक ना.४ख. १५३४ नम्बरको बस र चालक सिरहाको सुखिपुर न.पा.१० सुखिपुर बस्ने पवन कुमार दासलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धानगरिरहेको जनाएको छ।

# प्रचण्ड-माधव समूहले निर्वाचन आयोगसँग केही दिन समय माग्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, १६ माघ।**

नेपाल कम्युनिष्ट पार्टी नेकपा प्रचण्ड(माधव समूहले नेकपाको दुबै समूहसँग गर्न लागिएको छलफल केही दिन पर सार्न निर्वाचन आयोगलाई आग्रह गरेको छ।

आयोगले निर्वाचन प्रयोजनका लागि दल दर्ताको सूचना प्रकाशन र निर्वाचनको तयारीबारे हालसम्म भएको कामबारे छलफल गर्न नेकपाको दुबै पक्षलाई बोलाएको थियो। तर अध्यक्षद्धय माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्ड माघ १८ गतेसम्म उपत्यका बाहिर राजनीतिक कार्यक्रममा व्यस्त रहेको र आयोगले गर्ने छलफलमा अध्यक्ष स्वयंम उपस्थित हुन चाहेकाले शुक्रबारको छलफलमा सहभागीहुन नसक्ने प्रचण्ड(माधव समूहले बताएको छ। लीलामणि पौडेल, राजेन्द्र पाण्डे र मुक्ति प्रधान आयोगमा पुगेर १८ गतेपछि उपयुक्त समयमा छलफल गर्न अनुरोध गरेको पत्र बुझाएर फर्किएका छन्।

## *दुई बालबिकास ...*

चापागाई, सबल नेपालका अध्यक्ष जुना गिरी, कार्यकारी निर्देशक दिपक झा, सिनियर म्यानेजर अशोक साह, प्राबिधिक इन्जिनियर रबिकान्त देव, रुपनी गाउँपालिकाका प्रशासकिय अधिकृत रेणुका साह, फोकलप्रशन मिथिलेश यादव र शिक्षा संयोजक श्यामप्रकाश यादव, बिद्यालयका प्रअहरु मिठु माझि र ललिता चौधरी लगायतका उपस्थित रहेको थियो।


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
राजविराज





# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*